४४

राष्ट्रिय सूचना आयोग २०६५

# राष्ट्रिय सूचना आयोगको

## आदेश

मु.नं. १७९/२०७१/०७२

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल ....................................................................१ निवेदक

विरूद्ध

जिल्ला शिक्षा अधिकारी (कार्यालय प्रमुख), जिल्ला शिक्षा कार्यालय, रुकुम ...............................१ विपक्षी

सूचना अधिकारी, जिल्ला शिक्षा कार्यालय, रुकुम ................................................................१

विषय :- कानून बमोजिम कारवाही गरी सूचना उपलब्ध गराई पाउँ ।

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं वस्ने वर्ष ३२ को नोदनाथ त्रितालले जिल्ला शिक्षा कार्यालय, रुकुम समक्ष सूचना माग गरेकोमा सूचना उपलव्ध नगराएकोले उपलव्ध गराई पाउं भनी यस आयोग समक्ष मिति २०७१।०९।०८ मा निवेदन गरेको र यस आयोगवाट मिति २०७१।०९।१३ को आदेश वमोजिम जिल्ला शिक्षा कार्यालय, रुकुमको मिति २०७१।१०।०६, च.नं.१६५८, प.सं.०७१/७२ को पत्र मार्फत निवेदकलाई सूचना दिएको वोधार्थ पत्र आयोगमा प्राप्त हुन आएकोले यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत निवेदनको लगत कट्टा गर्नू । यसको जानकारी निवेदकलाई दिनू ।

| | | |
|---|---|---|
| यशोदा देवी तिम्सिना | किरण कुमार पोखरेल | कृष्णहरि बाँस्कोटा |
| (सूचना आयुक्त) | (सूचना आयुक्त) | (प्रमुख सूचना आयुक्त) |

ईति सम्वत् २०७१ साल माघ २२ गते रोज ५ शुभम् ।